# धनुषाधाम नगरपालिका

## स्थानीय राजपत्र

धनुषाधाम नगरपालिकाद्धारा प्रकाशित

# शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८२

प्रमाणिकरण मिति :- २०८२।०८।१४

# धनुषाधाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# धनुषाधाम ,धनुषा
# मधेश प्रदेश, जनकपुरधाम
# धनुषाधाम नगरपालिकाको शिक्षक दरबन्दी
# मिलान तथा व्यवस्थापन कार्यविधि, २०८२

**प्रस्तावनाः** धनुषाधाम नगरपालिका क्षेत्र भित्र रहेका सवै सामुदायिक विद्यालयमा रहेको शिक्षक विधार्थी संख्याको गणितिय अनुपात बमोजिम विद्यालयमा शिक्षक दरवन्दी मिलान गरी विद्यालयहरुमा पठन पाठन कार्यलाइ प्रभावकारी तथा व्यवस्थित गर्न वाञ्छनिय भएकोले स्थानिय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा (११) ज, दिएको अधिकार बमोजिम यो शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि नगरकार्यपालिकाको मिति २०८२।०८।१४ गतेको बैठकबाट स्वीकृति गरी लागु गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक
## संक्षिप्त नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ

(क) यस कार्यविधिको नाम शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्यविधि, २०८२ रहेको छ ।

(ख) यो कार्यविधि स्थानिय राजपत्रमा प्रकाशन भएपछी धनुषाधाम नगरपालिका भरी लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)" नगरपालिका" भन्नाले धनुषाधाम नगरपालिका बुझनुपर्नेछ ।

(ख)"प्रमुख" भन्नाले धनुषाधाम नगरपालिकाको पालिका प्रमुख लाई बुझ्नु पर्नेछ ।

(ग)" उप प्रमुख" भन्नाले धनुषाधाम नगरपालिकाको उप प्रमुख लाई बुझ्नु पर्नेछ ।

(घ)"कार्यपालिका" भन्नाले धनुषाधाम नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्छ ।

(ङ) प्रमुख प्रशासकिय अधिकृत भन्नाले धनुषाधाम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई बुझ्नु पर्छ ।

(च)"नगर शिक्षा समिति" भन्नाले धनुषाधाम नगरपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ ।

सुशिल कुमार पासवान
प्रमुख प्रशासकीय अधिकृत

(छ)"दरवन्दी मिलान" भन्नाले स्वीकृत दरवन्दीमा रहेका स्थायी, अस्थायी शिक्षक र त्यस्ता दरवन्दीमा शिक्षक र यस्तै अन्य प्रचलित स्केलअनुसारको तलव भत्ता पाउने शिक्षकलाइ सम्झनु पर्छ ।

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

(ज)"ऐन "भन्नाले शिक्षा ऐन २०२८ सम्झनु पर्छ ।

(झ)"तह "भन्नाले बिद्यालयको तह सम्झनु पर्छ ।

(ञ)"सामुदायिक बिद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिको नेपाल सरकार बाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त बिद्यालय सम्झनु पर्छ ।

(ट)"शिक्षक" भन्नाले विद्यालयमा पठन पाठन गराउने प्रमुख सम्झनु पर्छ र सो शव्दले प्रधानाध्यापक र बालविकास शिक्षक समेत लाइ जनाउछ ।

(ठ)"बिद्यालय व्यवस्थापन समिति" भन्नाले धनुषाधाम नगरपालिका क्षेत्र भित्रका विद्यालयका विद्यालय व्यवस्थापन समितिलाइ सम्झनु पर्छ ।

(ड)तोकिएको वा तोकिए बमोजिम भन्नाले यस कार्यविधि अन्तर्गत बनेका नियम वा कार्यविधिमा तोकीएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ढ)"सम्बन्धित निकाय" भन्नाले धनुषाधाम नगरपालिका, शिक्षा विकास तथा समन्वय ईकाइ, शिक्षा विकास निर्देशनालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र र शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ ।

(ण)"स्थानान्तरण" भन्नाले धनुषाधाम नगरपालिका भित्रका सामुदायिक विद्यालयमा कार्यरत शिक्षकहरुलाइ दरवन्दी मिलान तथा व्यवस्थापन क्रममा कार्यरत विद्यालयबाट धनुषाधाम नगरपालिका भित्रको अन्य विद्यालयमा दरवन्दी सहित कामकाज गर्न खटाएको सम्झनु पर्छ ।

(त)अन्य शव्द, नामवली र पदको अर्थ प्रचलित ऐन कानुन र नियमानुसार रहेको सम्झनु पर्छ ।

## परिच्छेद-२

## विवरण अधावधिक

३.विवरण अध्यावधिक गर्नेः

सुनिल कुमार पासमान

(१) विद्यालयको कक्षागत विद्यार्थी तथा कार्यरत शिक्षकहरुको विवरण अध्यावधिक गर्नुपर्नेछ । विवरण अध्यावधिक गर्दा लगतै पछिल्लो शैक्षिक सत्रको EMIS अनुसार कक्षागत बिद्यार्थी संख्या र विद्यालयमा सवीकृत दरवन्दी तथा राहत दरवन्दी लागायत सरकारी अनुदानवाट तलव खान गरी शिक्षक छनौट प्रक्रिया फुरा गरी आएका हाल कार्यरत स्थायी अस्थायी तथा राहत र बालविकास शिक्षक एवम् कर्मचारीहरुको विवरण अधावधिक गर्नु पर्नेछ । अवधि तोकी काजमा रहेका शिक्षकको हकमा जुन विद्यालयबाट तलव भत्ता पाउँदछन सोही विद्यालयको शिक्षकमा गणना गर्नुपर्नेछ । अवधि नतोकेमा दवन्दी जुन विद्यालयमा रहेको छ सोही विद्यालयमा गणना गर्नुपर्नेछ ।

४. विद्यालयगत शिक्षक विद्यार्थी अनुपात निकाल्नेः विद्यालयगत शिक्षक विद्यार्थी अनुपात गणना गर्दा ५० जना विद्यार्थी बरावर एक जना शिक्षक अर्थात १:५० मानी अनुपात निकाल्नुपर्नेछ ।

## परिच्छेद-३

## विद्यालयगत रुपमा आवश्यक शिक्षक व्यवस्थापन गर्दा लिइने आधारहरु

५. सामुदायिक विद्यालयमा शिक्षक व्यवस्थापन गर्दा निम्न आधारहरु अवलम्वन गरी व्यवस्थापन गर्नु पर्नेछ।

५(१) कक्षा १-२ सञ्चालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी संख्या रहेपनि न्यून्तम २ ओटा दरवन्दी कायम गर्ने ।

५.(२) खण्ड ५.१ बमोजिमको विद्यालयमा एकसठ्ठी ६१ जना विद्यार्थी वा सो भन्दा वढी भएमा र हाल विद्यालयमा ३ ओटा दरवन्दी कायम रहेको भए ३ (तिन) ओटा दरवन्द्री कायम गर्ने । तर विद्यालयमा १५० (एक सय पचास) जना विद्यार्थी नपुगे सम्म थप दरवन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने ।

५(३) कक्षा १-५ सञ्चालन भएका सामुदायिक विद्यालयमा जति सकै नयून विद्यार्थी संख्या भएपनि न्यूतम ३(तिन) ओटासम्म दरवन्दी(स्वीकृत वा राहत कोटा) कायम गर्ने ।

५(४) खण्ड ५.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १२० देखि १४९ सम्म भइ ४ जना शिक्षक कार्यरत रहेको (स्वीकृत दरवन्दी ) वा राहत कोटा रहेको अवस्थामा ४(चार) ओटा दरवन्दी कायम गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

५.(५) खण्ड ५.३ बमोजिमको विद्यालयमा विद्यार्थी संख्या १५० जना वा सो भन्दा वढी भइ त्यस विद्यालयमा ५जना सम्म दरवन्दी रहेको भए ५ ओटै दरवन्दी कायम गर्ने । तर त्यस्तो विद्यालयमा २५० जना भन्दावढी विद्यार्थी नपुगे सम्म त्यस्ता विद्यायमा ५जना भन्दा वढी शिक्षक हुने गरी थप दरवन्दी वा शिक्षक अनुदान प्रदान गर्ने । सो भन्दा माथी शिक्षक विद्यार्थी अनुपातका आधारमा धनुषाधाम नगरपालिका शिक्षा ऐन अनुसार कायम गर्ने ।

५.(६ कक्षा १-८ संचालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी रहेपनि ७ जना (प्रा. वि. ३ जना र नि .मा .वि. ४ जना) शिक्षक दरवन्नदी स्वीकृत वा राहत कोटा वा नगरपालिका अनुदानको कायम गर्ने ।

५.(७ खण्ड ५.६बमोजिमको विद्यालयमा २४० भन्दा वढी विद्यार्थी संख्या भइ नि मा शि तहमा गरी ९ ओटामा दरवन्दी कायम रहेको भए यथावत रह्न दिने तर ४०० जना भन्दा वढी विद्यार्थी नपुग्दासम्म थप दरवन्दी वा शिक्षक अनुदान प्रदान नगर्ने ।सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा धनुषाधाम नगरपालिका शिक्षा ऐन अनुसार कायम गर्ने ।

५.(८ कक्षा ९-१०संचालन भएका विद्यालयमा जति सुकै विद्यार्थी संख्या न्यून भएपनि न्यूतम ५ओटा सम्म(दरवन्दी वा राहत वा नगरपालिका अनुदान )शिक्षक दरवन्दी कायम गर्ने ।सो भन्दा वढी शिक्षक संख्या थप घट गर्नु पर्दा विद्यार्थी संख्याको आधारमा धनुषाधाम नगरपालिका शिक्षा ऐन अनुसार कायम गर्ने ।

५.(९ कक्षा ९-१२ संचालन भएका सामुदायिक विद्यालय जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूतम ८(जोड-३)ओटा सम्म दरवन्दी (स्वीकूत वा राहत कोटा वा गाउपालिका अनुदान )कायम गर्ने ।

५.(१० खण्ड ५.९ बमोजिम भन्दा वढी शिक्षम दरवन्दी (स्वीकृत वा राहत कोटा वा नगरपालका अनुदान )थप गर्नुपर्दा उच्च५ विद्यार्थीतथा संकायकोआधारमा पालिकामा प्राप्त कोटाको आधारमा गर्ने ।

५.(११) कक्षा ६-१० संचालन भएका सामुदायिक विद्यालय जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम ९(निमावि ४ र मावि ५ जना) दरबन्दी (स्वीकृत वा राहत वा नगरपालिका अनुदान) कायमगर्ने ।

५(१२) खण्ड ५.११ बमोजिम भन्दा बढी दरबन्दी थप गर्नु पर्दा धनुषाधाम नगरपालिका क्षेत्रका विद्यालयमा ३०० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी नथप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा शिक्षा नियमावली अनुसार कायम गर्ने ।

५.(१३) कक्षा ६-१२ संचालन भएका सामुदायिक विद्यालयमा जतिसुकै न्यून विद्यार्थी भए पनि न्यूनतम १२ (नि.मा.वि. ४ र मा.वि .५, उ.मा.वि. ३) दरबन्दी ( स्वीकृत वा राहत वा नगरपालिकापालिका अनुदान) कायम गर्ने ।

सुनिल कुमार पासमान
प्रमुख प्रशासकीय अधिकृत

५.(१४) खण्ड ५.१३ बमोजिम भन्दा बढी शिक्षक दरबन्दी थप गर्नु पर्दाधनुषाधाम नगरपालिका क्षेत्रका विद्यालयमा ४०० विद्यार्थी नपुग्दासम्म तहगतरुपमा दरबन्दी थप्ने । सो भन्दा माथि शिक्षक विद्यार्थी अनुपातका आधारमा धनुषाधाम नगरपालिका शिक्षा नियमावली अनुसार कायम गर्ने।

५.(१५ प्रारम्भिक बालविकास कक्षामा २० जना बालवालिका बराबर १ बालविकास शिक्षक दरबन्दी कायम गर्नेछ । २० जना भन्दा बढी भए प्रत्येक २० बराबर १ बालविकास शिक्षक दरबन्दी थप गरिनेछ ।

५.(१६ प्रारम्भिक बालविकास शिक्षको दरबन्दी मिलान गर्दा बालविकास शिक्षकलाई सकेसम्म निजको घर नजिक वा पायक पर्ने विद्यालययमा स्थानान्तरण गर्ने ।

## परिच्छेद-४

## दरबन्दी मिलानका थप प्रक्रिया र आधारहरु

६ शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनका आधार र प्रक्रिया : यस कार्यविधी अनुसार शिक्षकहरुको दरबन्दी मिलान र व्यवस्थापन गर्दा निम्न आधार र प्रक्रिया अवलम्वन गर्नुपर्नेछ ।

६.१ चालु शैक्षिक सत्र र गत शैक्षिक वर्षको ।EMIS, विद्यार्थी भर्ना अभिलेख तथा विद्यालयको स्थलगत अनुगमनमा देखिएको विद्यार्थी उपस्थितिलाई मुख्या आधार बनाईनेछ ।

६.२ विद्यालयमा स्वीकृत दरबन्दीमा कार्यरत स्थायी/अस्थायी, राहत, बालविकास शिक्षक, शिक्षण सिकाइ सहयोग अनुदान कोटा र नगरपालिकाको शिक्षक अनुदान कोटामा कार्यरत तहगत शिक्षकको सङ्ख्यालाई आधार लिईनेछ ।

६.३ दरबन्दी मिलानको क्रममा बढी हुन आई कटौती गर्नुपर्ने दरबन्दीलाई शिक्षक विद्यार्थी अनुपातका आधारमा अन्य विद्यालयमा खटाउँदा सबैभन्दा बढी विद्यार्थी भएका र हाल शून्य वा दरबन्दी भएका विद्यालयहरुमा प्राथमिकता क्रममा तह अनुसार शिक्षकको न्यूनतम स्थानान्तरण गरिनेछ।

६.४ यसरी शिक्षक व्यवस्थापन गर्दा भरसक माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकलाई माथिल्लो तहमा शिक्षक कमी भएका विद्यालयहरुमा क्रमशः स्थानान्तरण गरिनेछ ।

६.५ सम्बन्धित तहको दरबन्दी उपलब्ध गराउन नसक्ने अवस्थामा तल्लो तहको माथिल्लो शैक्षिक योग्यता भएका शिक्षकहरुबाट कक्षा सञ्चालनको व्यवस्था मिलाई तत्कालको शिक्षक अभाव सम्बोधन गरिनेछ ।

६.६ शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन गर्दा सकेसम्म विषयगत समस्या कम हुने गरी मिलान गरिनेछ ।

६.७ तोकिएको शिक्षक विद्यार्थी अनुपातका आधारमा विद्यार्थी सङ्ख्या कम र शिक्षक सङ्ख्या बढी भै दरबन्दी कटौतीमा परेका र यस अघि रिक्त भएका एवम् तत्काल

रिक्त हुन आउने कुनै पनि तह र प्रकारको शिक्षक दरबन्दीमा पदपूर्ति एवम् सरुवा सहमति दिइने छैन र उक्त दरबन्दीलाई थप गर्नुपर्ने विद्यालयमा मिलान तथा स्थानान्तरण गरिनेछ ।

६.८ सामुदायिक विद्यालयहरुमा दरबन्दी मिलान तथा व्यवस्थापन कार्य सम्पन्न भए पश्चात मात्र रिक्त दरबन्दीहरुमा नगरपालिका शिक्षा समितिको निर्णयानुसार शिक्षक सरुवा तथा पदपूर्तिको व्यवस्था गरिनेछ ।

६.९ महिला तथा अपाङ्गता भएका शिक्षकहरुलाई सकभर घरपायक पर्नेगरी स्थानान्तरण गरिनेछ ।

६.१० आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) सञ्चालन भएको विद्यालययमा न्यूनतम दरबन्दी नभएको अवस्थामा दरबन्दी थप गर्नुपर्ने भएमा प्रथमिक तहको दरबन्दीबाट तत्कालका लागि माथिल्लो योग्यता भएका र तालिम प्राप्त शिक्षकको स्थानान्तरण गर्न सकिनेछ।

६.११ शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापन विद्यालयमा जनशक्तिको सङ्ख्यात्मक र विषयगत मिलान समेत भएकाले सामान्यतया शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दी मिलानमा प्रभावपर्ने गरी विषय परिवर्तन गरिने छैन ।

६.१२ कुनै विद्यालयमा शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) को अनुसूचीमा उल्लेखित तहगत र विषयगत दरबन्दीमा एउटै विषयको शिक्षक दरबन्दी एकभन्दा बढी भएमा अनिवार्य विषयहरुको प्राथमिकताक्रममा विषयगत मिलान हुनेगरी दरबन्दी सिर्जना, मिलान र पदपूर्ति गरिनेछ ।

६.१३ कुनै विद्यालयको दरबन्दी कट्टा गरी स्थानान्तरण गर्नु पर्ने भएमा क्रमशः हाल रिक्त रहेको दरबन्दी, करार, राहत,अस्थायी र स्थायीको स्थानान्तरण माग र कनिष्ठताका आधारमा गरिनेछ।

६.१४ कुनै विद्यालयमा अध्ययनरत विद्यार्थी सङ्ख्या उच्च, विद्यमान शिक्षक दरबन्दी न्यून र माथिल्लो तह सञ्चालित भएमा शिक्षक दरबन्दी थप गरिनेछ ।

६.१५ दरबन्दी मिलान गर्दा बढी हुन आउने शिक्षक दरबन्दीलाई नगरपालिकाक्

६.१६ आन्तरिक सरुवाका लागी प्राप्त निवेदनहरु मध्ये माँग तथा हाल वसोवास रहेको स्थानका आधारमा शिक्षकरहरु लाई जेष्टताको आधारमा काजमा खटाइने वा स्थानान्तरण तथा पदस्थापन गरिनेछ ।तर यस प्रक्रियामा आपाङ्गता भएका र महिलाहरु लाइ प्राथमिकता दिइनेछ ।

६.१७ पारस्परिक सरुवाको लागि विद्यालयय व्यवस्थापन समितिको सहमतिमा काज सरुवा गर्न सकिने छ ।

६.१८ यस नगरपालिका भित्रका विद्यालयमा कार्यरत अस्थायी, करार, राहत, बालविकास तथा स्थायी शिक्षकहरुलाई आवश्यकताका आधारमा विद्यालय व्यवस्थापन समितिको सहमतिमा नगर शिक्षा समितिको निर्णय अनुसार काज सरुवा र स्थानान्तरण गर्न सकिनेछ ।

सुनिल कुमार ...
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-५
## दरबन्दी मिलानपछिको शिक्षक व्यवस्थापन

७ यस कार्यविधी अनुसार दरबन्दी मिलान पछिको शिक्षक व्यवस्थापन गर्दा निम्न व्यवस्थाको अनुसरण गरी शिक्षक व्यवस्थापन गर्नु पर्नेछ ।

८.१ अपाङ्ग शिक्षकको हकमा अपाङ्गताको प्रकृति हेरी विद्यालयबाट कोटा कट्टी हुँदा निजहरुले चाहेको विद्यार्थी अनुपात बढी भएका विद्यालयमा काममा खटाउने व्यवस्था गर्ने ।

८.२ शिक्षकलाई अन्य विद्यालयमा काममा खटाँउदा विद्यार्थी संख्याकोआधारमा सबैभन्दा बढी विद्यार्थी भएमा विद्यालयका सम्बन्धित तहमा खटाउने गरी क्रमशः विद्यालयहरुलाई सम्बोधन गर्ने ।

८.३ सर्वप्रथम सम्बन्धित वडा एवं नजिकको वडाका विद्यालयमा स्थानको उपलब्धता र शिक्षकहरुको जेष्ठताको आधारमा रोजिएको विद्यालयमा खटाउने स्नातक उत्तीर्ण शिक्षकलाई माध्यमिक विद्यालयमा र स्नाकोत्तर उत्तीर्ण शिक्षकलाई सकेसम्म ११ र १२ चलिरहेको मा.वि.मा पठाउने व्यवस्था गर्ने ।

८.४ दरबन्दी मिलान गर्दा कमी वा बढी हुने शिक्षकहरुको संख्या एकिन गरी सारांश विवरण तयार गर्ने।

८.५ महिला र अपांग शिक्षकको हकमा सम्बन्धित शिक्षकको सहमति बेगर कनिष्टमत् भएपनि पहिलो चरणमा अन्यत्र नपठाउने तथा त्यस्ता बढी हुन आउने शिक्षकलाई नगर शिक्षाको पुलमा राख्ने।

८.६ दरबन्दी मिलान कार्य सम्पन्न नगर्दासम्म रिक्त पदमा नियुक्ति र सरुवाका लागि अनुमति रोक्का गर्ने र शिक्षण व्यवस्थापन अनुदान समेत वितरण नगर्ने । नियुक्ति र सरुवाको अनुमति रोक्का भएपछि कुनै विद्यालयमा शिक्षक दरबन्दी रिक्त हुन गएमा यदि सो विद्यालयमा विद्यार्थी शिक्षक अनुपात अनुसार दरबन्दी बढी छ भने दरबन्दी मिलान नगर्दासम्म नयाँ नियुक्ति गर्न अनुमति नदिने ने सरुवा गरेर पनि पदपूर्ति नगर्ने । उक्त पद दरबन्दीलाई आवश्यक विद्यालयमा काजमा राख्न सकिने ।

८.७ दरबन्दी नभएको विद्यालयमा मिलान पछि शिक्षक व्यवस्था गर्नु पेरमा सरुवा भएकै विद्यालयबाट तलब भत्ता खाने गरी काज सरुवा गर्ने ।

८.८ शिक्षक दरबन्दीका मिलानका लागि खटाउँदा फिडर प्रावि तथा लिडर माविको अवधारणा अनुसार विद्यालय नक्साङ्कनको आधारलाई समेत ख्याल राखी विद्यालयहरुमा खटाउन सिफारिस गर्ने ।

८.९ दरबन्दी मिलानका कार्य अवधिमा शिक्षा मन्त्रालय वा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट शिक्षक दरबन्दी मिलान सम्बन्धी कुनै नीति नियम निर्देशन वा कार्यविधि जारी भएमा सोही अनुसार गर्ने गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-६
## दरबन्दी मिलान कार्यदलको गठन

धनुषाधाम नगरपालिका नगर कार्यपालिकाको कार्यालय धनुषाधाम, धनुषा जिल्ला मधेश प्रदेश, नेपाल

८ यस कार्यविधी अनुसार शिक्षक दरबन्दी मिलान गर्दा निम्न अनुसारको ७ सदस्यीय कार्यदल गठन गरिनेछ ।

१ दरबन्दी मिलान कार्य गर्नका लागि दरबन्दी मिलान कार्यदलको गठन गरिनेछ । दरबन्दी मिलान कार्यदलका पदाधिकारीहरु देहाय बमोजिम रहनेछन्

क. शिक्षा शाखा प्रमुख – संयोजक

ख. नगरपालिका प्रमुखबाट मनोनित नगरकार्यपालिका सदस्य मध्येबाट एक जना महिला – सदस्य

ग. नेपाल शिक्षक महासंघका नगरपालिका अध्यक्ष – सदस्य

घ. नगरपालिका प्रमुखबाट मनोनित नगरपालिका क्षेत्रका आधारभूत र माध्यमिक विधालयका प्रधानाध्यापक २ जना – सदस्य

ङ. नगरपालिका प्रमुखवाट मनोनित नगरपालिका शिक्षा समितको १ जना सदस्य

च. शिक्षा तथा खेलकुद विकास शाखाको अधिकृत वो सोसरहको कर्मचारी - सदस्य सचिव

२. शिक्षा तथा खेलकुद विकास शाखाका तथ्याङ्क हेर्ने सहायक कर्मचारी तथा अन्य दुई जना जिम्मेवार पदाधिकारी वा कर्मचारीलाई बैठक र अन्य कार्यमा आमन्त्रित गर्न सकिनेछ ।

३. समितिको सचिवालय नगरपालिका शिक्षा तथा खेलकुद विकास शाखामा रहनेछ ।

४. समितिको सचिवालयका लागि आवश्यक पर्ने स्टेशनरी तथा कम्प्यूटर सम्बन्धी कामका लागि आवश्यक पर्ने बजेट रकम तथा समितिका पदाधिकारीहरुको बैठक भत्ता लगायतका सुविधाका लागि आवश्यक पर्ने बजेट रकम नगरकार्यपालिकाले व्यवस्था गर्नेछ ।

५. दरबन्दी मिलान कार्यदलको काम कर्तव्य र अधिकार ।

क. शिक्षक दरबन्दी मिलानका लागि विद्यालयगत मौजुदा शिक्षक संख्या, दरबन्दी मिलानपछि कायम हुने शिक्षक संख्या र थप दरबन्दीका लागि पुग्नुपर्ने न्युनतम विद्यार्थी संख्या एकिन गर्ने ।

ख. शिक्षकहरुबाट भरिएर आएका विद्यालय छनौट फारामहरु विश्लेषण गर्ने र विद्यालयमा तहगत तथा विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गर्न खटाइने विद्यालय र शिक्षकको नामावली विवरण सहित सिफारिस सहितको प्रतिवेदन पेश गर्ने ।

ग. नगर शिक्षा समितिले दिइएका निर्देशन बमोजिमका अन्य कार्यहरु गर्ने ।

सुशिल कुमार पासमान
प्रमुख प्रशासकीय अधिकृत

## परिच्छेद-७

## विविधः

१ शिक्षा तथा खेलकुद विकास शाखाले दरबन्दी मिलानका क्रममा कटौती वा थप भएको विद्यालयलाई सात दिन भित्र दरबन्दी कटौती वा थप भएको जानकारी गराउनेछ ।

२ शाखाले विशेष परिस्थिति बाहेक निर्णय भएको मितिले एक महिना भित्र दरबन्दी मिलानको कार्य सम्पन्न गरी सम्बन्धित निकायहरुलाई जानकारी गराउनेछ ।

३ विद्यालयहरुले दरबन्दी मिलानको क्रममा शिक्षा तथा खेलकुद विकास शाखावाट स्थानान्तरन गरिएका शिक्षकलाई कुनै पनि बहानामा रमाना नदिएमा वा हाजिर नगराएमा सम्बन्धित विद्यालयको तलव भत्ता रोक्का गरिनेछ ।

४ शिक्षा तथा खेलकुद विकास शाखाले नगरपालिका शिक्षा समितिको निर्णको आधारमा सम्बन्धित निकायसँग दरबन्दीको माग गर्नेछ । संघिय सरकार तथा प्रदेश सरकारवाट दरबन्दी प्राप्त भएमा जुन तह र किसिमको दरबन्दी प्राप्त भएको हो सोको लागि नगर शिक्षा समितिले प्राथमिकताको आधारमा विद्यालय छनौट गरी वितरण गर्नेछ ।

५ शिक्षा तथा खेलकुद विकास शाखाले समितिको निर्णय अनुसार शिक्षक संख्याको कमीलाई सम्बोधन गर्ने कार्यपालिका बैठकमा आवश्यक नगरपालिका शिक्षक दरबन्दी माग गर्नेछ ।

६ पालिकाले नगरपालिका शिक्षकको दरबन्दी निर्धारण गरी आवश्यक बजेटको व्यवस्था गर्न सकिनेछ । स्वीकृत दरबन्दी र बजेटका आधारमा नगर शिक्षा समितिले विद्यालय छनौट गरी विद्यार्थी संख्या उच्च र शिक्षक कम भएका विद्यालयलाई वितरण गर्नेछ ।

७ स्थानान्तरन भएको स्थानमा जानुपर्नेः यस कार्यविधि बमोजिम स्थानान्तरन भएका शिक्षकहरु प्रचलित कानुनले तोकेको समयभित्र स्थानान्तरन भएको विद्यालयमा अनिवार्य हाजिर भई कामकाज गर्नुपर्नेछ । यसरी तोकिएको समयमा हाजिर हुन नजाने शिक्षकलाई विद्यालयले हाजिर गराउन बाध्य हुने छैन ।

८ सार्वजनिक विद्यालय समायोजन एवम् एकीकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७७ मा व्यवस्था भए बमोजिम विद्यालय समायोजन हुनेछ ।

९ कार्यविधिको व्याख्याः यस कार्यविधिमा उल्लिखित कुनै विषयमा द्विविधा उत्पन्न भएमा वा अस्पष्टता रहेमा त्यसको अन्तिम व्याख्या नगरकार्यपालिकाले गर्नेछ ।

१० कार्यविधि संशोधनः यस कार्यविधिका प्रावधानहरुमा नगरपालिकाले आवश्यक संशोधन गर्न सक्नेछ ।

११ बाधा अड्काउ फुकाउः स्थानीय सरकार संचालन ऐन, २०७४ र यस कार्यविधिमा व्यवस्था भए बाहेकका विषयमा नीतिगत निर्णय गर्न आवश्यक भएमा नगर कार्यपालिकाले गरेको निर्णय र निर्देशनको पालना गर्नु पर्नेछ ।

कार्यपालिका बाट पारित मितिः २०८२।०८।१४

प्रमाणिकरण मिति :- २०८२।०८।१४ गते

धनुषाधाम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
धनुषाधाम, धनुषा जिल्ला
मधेश प्रदेश, नेपाल

आज्ञाले,

.............................................

सुनिल कुमार पासमान
उपसचिव
प्रमुख प्रशासकीय अधिकृत

सुनिल कुमार पासमान
प्रमुख प्रशासकीय अधिकृत